# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा

प.सं. : ०७९/८०
च.नं. :

मिति : २०८०/०३/१८

**सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धी अत्यन्त जरुरी सुचना।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभाग्राहीले चालु आ.व. मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागी निवेदन दिनुपर्ने व्यवस्था भए बमोजिम लाभाग्राहीहरु स्वयं वडा कार्यालयमा उपस्थिति भई यहि मिति २०८० श्रावण १ गते देखि भदौ मसान्त भित्र अनिवार्य रुपले आ-आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुहुन अनुरोध छ।

**सामाजिक सुरक्षा भत्ता नविकरण गर्न वडा कार्यालयमा आवश्यक पर्ने कागजातहरु:-**

- नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपि
- सक्कलै चेक-१ प्रति
- दुई प्रति हालसालै खिचेको लाभाग्राहीको अटो साइजको फोटो
- दलित बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि साथै संरक्षकको नागरिकताको प्रतिलिपि
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को बिबाह नगरको वडाको सिफारिस
- सम्बन्ध बिच्छेद गरि अर्को विवाह नगरको हकमा सम्बन्ध विच्छेद प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरको वडा सिफारिस
- ६० बर्ष भन्दा कम उमेर रहेको एकल महिलाको हकमा वडाको सिफारिस
- अपाङ्ग भएका व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गताको परिचयपत्रको रंगिन प्रतिलिपि

**याद राख्नुहोस:- सामाजिक सुरक्षा भत्ता बितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद भित्र नविकरण नभएकमा लाभाग्राहीको लगतकटा हुने भएकोले सामाजिक सुरक्षा भत्ता प्राप्त हुनेछैन।**

संजय साह रौनियार
एम.आई.एस.अपरेटर

२०८०/३/१९
कृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत